प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# जिल्ला अस्पताल, धनकुटा

कोशी प्रदेश




# जिल्ला अस्पताल व्यवस्थापन समिति धनकुटाको कर्मचारी विनियमावली, २०८२

# जिल्ला अस्पताल व्यवस्थापन समिति धनकुटाको कर्मचारी विनियमावली, २०८२

**प्रमाणित मितिः २०८२/०५/०५**

**प्रस्तावनाः** जिल्ला अस्पताल धनकुटाको समितितर्फको कर्मचारी सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन, समितिको कर्मचारी संचालन र सेवाको शर्त सम्बन्धी व्यवस्था गर्न कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७ को दफा ३१ को उपदफा ३ को (क) र (ङ) एवं उपदफा ८ ले दिएको अधिकार प्रयोग गरी अस्पताल व्यवस्थापन समितिले यो विनियमावली बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

(१) यो विनियमको नाम "जिल्ला अस्पताल व्यवस्थापन समिति धनकुटाको कर्मचारी विनियमावली, २०८२" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा-

(क) 'ऐन' भन्नाले कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७ सम्झनुपर्छ ।

(ख) 'नियमावली' भन्नाले कोशी प्रदेश जनस्वास्थ्य नियमावली, २०८२ सम्झनुपर्छ ।

(ग) 'मन्त्रालय' भन्नाले स्वास्थ्य मन्त्रालय कोशी प्रदेश विराटनगर सम्झनुपदर्छ ।

(घ) 'कार्यालय/अस्पताल' भन्नाले जिल्ला अस्पताल धनकुटा सम्झनुपदर्छ ।

(ङ) 'समिति' भन्नाले जिल्ला अस्पताल धनकुटा व्यवस्थापन समिति सम्झनुपर्दछ ।

(च) 'कार्यालय प्रमुख' भन्नाले अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट सम्झनुपर्दछ ।

## परिच्छेद – २

## संगठन संरचना र दरबन्दी

**३. अस्पतालको स्थायीतर्फ हालको स्वीकृत दरवन्दी संरचना देहाय बमोजिम रहेको छः**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरवन्दी |
|---|---|---|---|---|---|
| १ | मेडिकल सुपरिटेन्डेण्ट | ९/१० | स्वास्थ्य | ज.हे.स. | १ |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | मे.ज. | २ |
| ३ | नायव सुब्बा/अधिकृत | ५/६ | प्रशासन | सा.प्र. | १ |
| ४ | हेल्थ असिस्टेन्ट | ५/६/७ | स्वास्थ्य | हे.ई. | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | स्टाफ नर्स | ५/६/७ | स्वास्थ्य | ज. नर्सिङ्ग | ४ |
| ६ | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफी | १ |
| ७ | मे. रेकर्ड सुपरभाइजर | ५/६/७ | स्वास्थ्य | मे. रेकर्ड्स | १ |
| ८ | ल्याब टेक्निसियन | ५/६/७ | स्वास्थ्य | मे.ल्या.टे. | १ |
| ९ | ल्याब असिस्टेन्ट | ४/५/६ | स्वास्थ्य | मे.ल्या.टे. | १ |
| १० | अ.हे.व. | ४/५/६ | स्वास्थ्य | हे.ई. | २ |
| ११ | अ.न.मी. | ४/५/६ | स्वास्थ्य | क. नर्सिङ्ग | २ |
| १२ | डार्क रुम सहायक | ४/५/६ | स्वास्थ्य | रेडियोग्राफी | १ |
| १३ | खरिदार | सहायक चौथो | प्रशासन | सा.प्र. | १ |
| १४ | कार्यालय सहयोगी वा सो सरह | श्रेणिबहीन | प्रशासन | | ११ |
| **जम्मा** | | | | | **३०** |

## ४. अस्पतालको समितितर्फको दरवन्दी संरचनाः

४.१ अस्पताल समितितर्फ निम्नानुसारको संख्यामा अस्थायी/करार दरवन्दी रहने छः

| क्र.सं. | पद | तह | हालको संख्या | थप संख्या | खुद कायम संख्या |
|---|---|---|---|---|---|
| १ | डेन्टल सर्जन | ८ | १ | ० | १ |
| २ | स्टाफ नर्स | ५ | २ | ३ | ५ |
| ३ | रेडियोग्राफर | ५ | १ | ० | १ |
| ४ | हेल्थ असिस्टेन्ट | ५ | ० | २ | २ |
| ५ | फार्मेसी सहायक | ५ | २ | ४ | ६ |
| ६ | ल्याब असिस्टेन्ट | ४ | २ | ० | २ |
| ७ | अ.हे.व. | ४ | ४ | ० | ४ |
| ८ | अ.न.मी. | ४ | २ | ० | २ |
| ९ | स.क.अपरेटर | ४ | ४ | १ | ५ |
| १० | इलेक्ट्रिसियन/प्लम्बर | ३ | ० | १ | १ |
| ११ | कार्यालय सहयोगी | श्रेणीविहीन | ८ | २ | १० |
| १२ | सुरक्षा गार्ड | श्रेणीविहीन | २ | १ | ३ |
| १३ | स्वीपर | श्रेणीविहीन | ० | २ | २ |
| जम्मा संख्या | | | २८ | १६ | ४४ |

४.२ अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार २.१ वमोजिमको अस्थायी दरवन्दी संशोधन, अद्यावधिक तथा खारेज गर्न सकिने छ ।

**५. छात्रवृत्ति करारको दरबन्दी**

५.१ अस्पतालको सेवा प्रवाहलाई नियिमित, व्यवस्थित र गुणस्तरीय बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठ्माण्डौ, स्वास्थ्य सेवा विभाग, टेकु, काठ्माण्डौ तथा स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, विराटनगरबाट खटी आएका संख्यामा छात्रवृत्ति करारतर्फका विशेषज्ञ चिकित्सक, चिकित्सक, नर्सिङ्ग कर्मचारीहरु तथा अन्य स्वास्थ्यकर्मीहरु रहनेछन् ।

**६. कार्यक्रम करारको दरबन्दी**

६.१ संघ शशर्त अनुदान, प्रदेशतर्फ अस्पताल सेवा सुदृढिकरण तथा विस्तार कार्यक्रम अन्तर्गत स्वीकृत वार्षिक योजना तथा बजेटमा समावेश विभिन्न कार्यक्रम सञ्चालन एवं कार्यान्वयनका लागि प्रचलित निर्देशिकाले तोके बमोजिमको संख्यामा चिकित्सक, नर्सिङ्ग कर्मचारी तथा अन्य स्वास्थ्यकर्मीहरु रहनेछन्।

## परिच्छेद – ३
## कर्मचारीका सेवा, शर्त तथा सुविधाहरु

**७. दरबन्दी सिर्जना र पदपूर्ति सम्बन्धी व्यवस्थाः**

७.१ अस्पताल व्यवस्थापन समितितर्फको नियम ४.१ बमोजिमको अस्थायी/करार दरबन्दीमा हेरफेर, थपघट गर्नुपरेमा वा थप पद सिर्जना गर्नुपरेमा उपलब्ध कार्यक्रम, कार्यवोझ, कार्य प्रकृति र दरबन्दी थप गर्नुपर्ने कारण तथा सोको औचित्य, स्थायी दरबन्दीतर्फ उपलब्ध जनशक्ति र अस्पतालको आन्तरिक स्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण उप-समितिको सिफारिसमा अस्पताल व्यवस्थापन समितिले निर्णय गर्नुपर्नेछ।

७.२ नियम ७.१ बमोजिम गठन हुने संगठन तथा व्यवस्थापन सर्वेक्षण उप-समितिमा निम्न बमोजिमका ५ सदस्यहरु रहनेछन्:

(क) अस्पतालको मेडिकल सुपरिटेन्डेण्ट - संयोजक
(ख) अस्पताल व्यवस्थापन समितिले तोकेको प्रतिनिधि - सदस्य
(ग) अन्तरंग शाखा प्रमुख - सदस्य
(घ) मे. सु. ले तोकेको अस्पतालको चिकित्सक तथा स्वास्थ्यकर्मी - सदस्य
(ङ) अस्पताल प्रशासन शाखा प्रमुख - सदस्य सचिव

७.३ संगठन तथा व्यवस्थापन सर्वेक्षण उप-समितिको बैठक आवश्यकतानुसार बस्नेछ । अस्पताल व्यवस्थापन समितिको निर्णयबाट मात्र उक्त समिति सक्रिय बन्नेछ ।

## ८. नियुक्ति र परीक्षण काल

८.१ अस्पताल व्यवस्थापन समितितर्फ स्वीकृत अस्थायी/करार दरबन्दीमा पदपूर्तिका लागि निम्न वमोजिमको उम्मेदवार छनौट तथा सिफारिस समिति रहनेछः

(क) अस्पतालको मेडिकल सुपरिटेन्डेण्ट तथा निजले तोकेको चिकित्सक - संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयका अधिकृत स्तरको प्रतिनिधि - सदस्य

(ग) स्वास्थ्य मन्त्रालय/निर्देशनालयका अधिकृत स्तरको प्रतिनिधि - सदस्य

(घ) मे. सु. ले तोकेको अस्पतालको कर्मचारी - सदस्य

(ङ) अस्पताल प्रशासन शाखा प्रमुख - सदस्य सचिव

८.२ उम्मेदवार छनौट तथा सिफारिस समितिको बैठक आवश्यकतानुसार बस्नेछ । नियुक्ति सम्बन्धी मापदण्ड अनुसूची -१ बमोजिम हुनेछ ।

८.३ नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुलाई नतिजा प्रकाशन भएको मितिबाट सात दिनको म्याद दिइ करार सम्झौता गर्न आउन सूचना दिनुपर्नेछ । सो अवधीमा उम्मेदवारले अस्पतालमा सम्पर्क राख्न नआएमा क्रमशः बैकल्पिक उम्मेदवारलाई तीन दिनको सूचना दिई करार सम्झौता गर्न सकिने छ ।

८.४ यस विनयमावली बमोजिम नियुक्त भई कामकाज गरिरहेका कर्मचारीले करार भङ्ग गर्न चाहेमा कम्तिमा एक महिना अगावै यस अस्पतालमा लिखित जानकारी गराउनु पर्नेछ ।यसरी जानकारी नगराई काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइने छैन ।

८.५ यसरी नियुक्ति पाउने कर्मचारीको सेवा करार अवधी ६ महिनाको हुनेछ र कार्य सम्पादन सन्तोषजनक भएमा म्याद थप गर्दै लान सकिनेछ ।

## ९. अभिमूखीकरण र सामाजिकीकरण

९.१ यस विनियमावली वमोजिम नियुक्ति पाउने कर्मचारीलाई अस्पतालको कार्यक्षेत्र, कर्मचारीको काम, कर्तव्य र अधिकार सम्बन्धमा कार्यालय प्रमुख, अस्पताल प्रशासन र सम्बन्धित शाखा प्रमुखले अभिमूखीकरण प्रदान गर्नेछ । सम्भव भएसम्म अस्पतालका सम्पूर्ण कर्मचारीहरुको भेला गराइ परिचय आदान प्रदान कार्यक्रम गराइनेछ ।

**<u>१०. तलव भत्ता र अन्य सुविधाहरु</u>**

१०.१ यस विनियमावली बमोजिम नियुक्ति पाउने उम्मेदवारले कार्यालयमा हाजिर भएको दिन देखि अस्पताल व्यावस्थापन समितिले सम्बन्धित पदका लागि तोके वमोजिमको तलब सुविधा पाउनेछ ।

१०.२ यस्तो तलव तथा सेवा सुविधा नेपाल सरकारले समय समयमा वृद्धि गर्ने तलवमान तथा बजारको महंगी अवस्था समेतलाई हेरी पुनरावलोकन गरिनेछ ।

१०.३ करार सेवाका कर्मचारीले कम्तिमा ६ महिना वा सो भन्दा बढी अबधि सेवा गरेको भएमा बर्षको एक पटक एक महिनाको तलव वरावर चार्डपर्व खर्च पाउनेछ।

१०.४ करार सेवाका कर्मचारीलाई प्रत्येक बर्षको चैत्र महिनामा पोषाक खर्च बापत रु १०,००० (दश हजार मात्र) उपलब्ध गराइनेछ ।

१०.५ समितिको स्रोतबाट कुनै किसिमको प्रोत्साहन भत्ता दिनुपर्ने देखिएमा औचित्यताको आधारमा दोहोरो नपर्ने गरी समितिको निर्णय बमोजिम भुक्तानी दिन सकिनेछ ।

१०.६ प्रयोगशाला तथा रेडियोलोजी शाखामा कार्यरत समितितर्फका स्वास्थ्यकर्मीलाई शुरु तलबको २५ प्रतिशतले हुने आउने रकम जोखिम भत्ता वापत उपलब्ध गराइनेछ ।

१०.७ २४ सै घण्टा अनकल (oncall) ड्यूटीमा खटिने कर्मचारीलाई काम गरेको आधारमा एक महिनामा बढीमा ३० दिनसम्मको मात्र अतिरिक्त सेवा भत्ता प्रदान गर्ने तर अनकल (oncall) ड्यूटीमा खटिने कर्मचारीहरुले यस अस्पतालबाट संचालन हुने विभिन्न कार्यक्रम अन्तर्गतका सेवाहरु प्रदान गर्दा प्राप्त गर्ने अतिरिक्त सेवा भत्ता लिन भने बाधा पर्ने छैन ।

**<u>११. विदा</u>**

११.१ करार सेवाका कर्मचारीहरुले अर्को वर्ष सञ्चित नहुने गरी बार्षिक रुपमा देहाय वमोजिमको विदा पाउनेछः

क) घर विदाः काम गरेको २० दिन वरावर १ दिन

ख) भैपरी आउने र पर्व विदाः वार्पिक ६/६ दिन

ग) प्रसुति बिदाः ९८ दिन (सेवा अवधी भरी २ पटक मात्र)

घ) प्रसुति स्याहार बिदाः ७ दिन (सेवा अवधी भरी २ पटक मात्र)

ङ) मृत्यु संस्कार बिदाः १५ दिन

११.२ करार सेवामा कार्यरत कर्मचारीहरुले सार्वजनिक विदाको दिन ड्युटी गरे वापत सट्टा विदा पाउनेछन् र त्यस्तो विदा तीन महिना भित्रमा पालो मिलाई बस्नुपर्नेछ । यसरी पालो मिलाई सट्टा विदा लिन नसकेको अवधीको प्रतिदिनको तलब बराबरको भुक्तानी दिइनेछ ।

११.३ कुनै कर्मचारीले हप्ताको ४० घण्टा भन्दा बढी सेवा गर्नुपरेको अवस्थामा अतिरिक्त सेवा विदा लिन पाउनेछ । त्यस्तो विदा लिन नपाएको अवधीको प्रतिदिनको तलव वरावरको भूक्तानी दिइनेछ ।

११.४ करार सेवामा नियुक्त कर्मचारीले नेपाल सरकार र प्रदेश सरकारले राजपत्रमा प्रकाशित गरी तोकिएका सार्वजनिक विदाहरु पाउनेछन् ।

११.५ करार सेवामा नियुक्त कर्मचारीले राजपत्रमा प्रकाशित सार्वजनिक विदामा ड्यूटीमा खटिनु परेमा उक्त दिनको सट्टा विदा लिन सक्नेछन् । यस्तो विदा ३ महिनासम्म पनि लिन नपाएमा त्यस्तो विदा लिन नपाएको अवधीको प्रतिदिनको तलव वरावरको भूक्तानी दिइनेछ ।

## <u>१२. दुर्घटना बीमा र स्वास्थ्य बीमा</u>

१२.१ अस्पतालमा करार सेवामा कार्यरत कर्मचारीले अनिवार्य रुपमा नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुनुपर्नेछ ।

१२.२ यस विनियमावली वमोजिम नियुक्त हुने कर्मचारीलाइ बजेट सुनिश्चित भएको अवस्थामा समितिले सामूहिक दुर्घटना वीमा गराईदिन सक्नेछ ।

## <u>१३. कार्य सम्पादन मूल्याङ्कन</u>

१३.१ अस्पतालको करार सेवामा कार्यरत कर्मचारीको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधीको लागी करार सम्झौता सम्बन्धी मापदण्ड, २०८०" बमोजिम तोकिएको ढाँचामा कार्यसम्पादन मूल्याङ्कन बर्षमा दुई पटक गरिने छ ।

१३.२ कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था सोही मापदण्ड बमोजिम हुनेछ ।

## <u>१४. वृत्ति विकास सम्बन्धी व्यवस्था</u>

१४.१ अस्पतालमा करार सेवामा कार्यरत कर्मचारीको व्यावसायिक दक्षता अभिवृद्धि गर्न एकिकृत तालिम योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१४.२ तालिम कार्यक्रममा कर्मचारीको सहभागिताका लागि तालिम योजना अनुसार कर्मचारीको प्राथमिकताक्रम, रुची, शैक्षिक योग्यता तथा अस्पतालको सेवा विस्तारमा पुग्ने योगदानका आधारमा निर्धारण गरिनेछ।

१४.३ यस विनियमावली वमोजिम नियुक्त हुने स्वास्थ्यकर्मी र कर्मचारीहरुको परीक्षणकाल कटेपछि सञ्चय कोष प्रणालीमा आबद्ध गरिनेछ । यसका लागि तलबको १० प्रतिशत निज कर्मचारीको पारिश्रमिकबाट कट्टा गरिनेछ र सोही बराबरको रकम समिति कोषबाट थप गरी सञ्चय कोषमा जम्मा गरिनेछ।

**१५.कर्मचारीले पालन गर्नुपर्ने सामान्य आचरण र अनुशासन**

१५.१ करार सेवामा नियुक्त कर्मचारीले नेपाल सरकारद्धारा निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर भई तोकिएको कार्य सम्पादन गर्नुपर्दछ । बिदामा बस्नु परेमा सम्बन्धित फाँट प्रमुखको सिफारिसमा प्रशासन शाखाको सिफारिस सहित कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र बस्नुपर्नेछ। बिदाको पूर्व स्वीकृति नगराई कार्यालयमा अनुपस्थित हुनुहुँदैन ।

१५.२ कर्मचारीले आफुभन्दा माथिका सबै कर्मचारीहरु प्रति उचित आदर भाव देखाउनुका साथै आफु मातहतका कर्मचारीहरु प्रति उचित व्यवहार गर्नु पर्नेछ ।

१५.३ पारस्परिक सम्वन्धमा खलल पार्ने खालको लेख, रचना प्रकाशित गर्न, सुचना दिन, सार्वजनिक बक्तव्य दिन पाइने छैन ।

१५.४ आफ्नो सेवा सम्बन्धी काममा कुनैपनि प्रकारको असर पर्ने गरी दान, उपदान, चन्दा, कोशेली वा उपहार लिनुहुदैन ।

१५.५ कर्मचारीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा बिरामीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा लापरबाही वा वदनियत तरीकाले गर्नु हुदैन ।

१५.६ कर्मचारीले कार्यालयको लागि तोकिएको पोषाक र परिचय पत्र अनिबार्य रुपमा लगाउनु पर्नेछ।

१५.७ कर्मचारीले कुनै राजनीतिक दल वा संगठनको सदस्यता लिन, पक्ष वा विपक्षमा, प्रचार प्रसार गर्न हुँदैन।

१५.८ कर्मचारीले कुनैपनि राजनितिक पदको लागी हुने निर्वाचनमा उम्मेदवार हुन, भाग लिन वा कसैको निमित्त मत माग्न, कुनै प्रकारको प्रभावमा पार्न हुदैन तर प्रचलित कानुन बमोजिम आफुले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

१५.९ कर्मचारीले कुनै पनि कार्यालय वा कर्मचारीको निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हड्ताल वा कलम बन्द गर्न वा सो गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुदैन ।

१५.१० यस दफामा उल्लेख नभएका अन्य आचरण सम्बन्धी व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम हुनेछ ।

**१६. सजायः** उचित र पर्याप्त कारण भएमा कर्मचारीलाई देहाय बमोजिमको सजाय गर्न सकिने छ ।

**१६.१ सामान्य सजाय**

१) नसिहत दिने

२) गयल कट्टी गर्ने

३) पदको शुरु तलब स्केलमा घटुवा गर्ने ।

**१६.२ करार सेवा स्वतः भंग हुनेः** देहायको अवस्थामा करार सेवा स्वतः भंग हुनेछ ।

१) करार सेवाका कर्मचारीको म्याद समाप्त भई म्याद थप नभएमा,

२) बिदा स्वीकृती नगराई लगातार सात दिन सम्म कार्यालयमा अनुपस्थित भएमा,

३) कर्मचारीले आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा,

४) आचरण तथा अनुशासन सम्बन्धी कुरा बारम्बार उल्लंघन गरेमा,

५) वर्षमा २ पटक वा सो भन्दा बढी लिखित चेतावनी पाएमा,

६) कार्यालय समयमा बारम्बार मादक पदार्थको सेवन गरेमा,

७) भ्रष्टाचार गरेमा ।

## १७. सेवा प्राप्तिमा छुट तथा सुविधा

१७.१ अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीको हकमा निजको परिवार समेतले कुनै किसिमको स्वास्थ्य उपचार वा सेवा लिए बापत (औषधी बाहेक) कुल रकममा ५० प्रतिशत छुट दिइनेछ ।

स्पष्टिकरणः यस प्रयोजनका लागि **"परिवार"** भन्नाले कर्मचारीको श्रीमान वा श्रीमती, २ जनासम्म छोरा वा छोरी तथा निजको आमा र बुवा सम्झनु पर्दछ । महिला कर्मचारीको हकमा निजको आमा, वाबु वा सासु, ससुरा मध्ये कुनै एक पक्षलाई मात्र जनाउँछ ।

१७.२ यस्तो छुट सुविधा लिने प्रयोजनका लागि अस्पतालले तोके बमोजिमको छुट्टै सेवा सहुलियत कार्ड उपलब्ध गराउनेछ ।

## १८. अवकाश

१८.१ यस विनियमावली वमोजिम करार सेवामा नियुक्त भएका कर्मचारीले निजको उमेर ६० वर्ष पूरा भएको दिनदेखि सेवाबाट अवकाश पाउनेछ ।

१८.२ करार सेवामा निरन्तरता पाइ सेवा करार अन्त्य हुने कर्मचारीले अस्पताल व्यवस्थापन समिति कोषबाट देहाय बमोजिमको रकम उपदान स्वरुप एकमुष्ठ प्राप्त गर्नेछन्:

| सि.नं. | सेवा अवधि | प्राप्त गर्ने उपदान रकम |
|---|---|---|
| १ | १० वर्ष वा सो भन्दा बढी | सम्बन्धित पदको आखिरी तलब स्केललाई आधार मानी ४ महिनाको तलब रकम |
| २ | १५ वर्ष वा सो भन्दा बढी | सम्बन्धित पदको आखिरी तलब स्केललाई आधार मानी ८ महिनाको तलब रकम |
| ३ | २० वर्ष वा सो भन्दा बढी | सम्बन्धित पदको आखिरी तलब स्केललाई आधार मानी १२ महिनाको तलब रकम |

## परिच्छेद – ४
## विविध

१९. कर्मचारी व्यवस्थापन सम्बन्धमा यस विनियमावलीमा समेट्न नसकिएको विषयका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित कानूनमा भए बमोजिम नै हुनेछ ।

२०. यस विनियमावलीमा समेटिएका विषयहरु नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित कानूनसँग बाझिन गएमा मूल कानून बमोजिम नै हुनेछ ।

**२१. पुरस्कारः** प्रत्येक वर्ष कार्य सम्पादन मुल्याङ्कनको आधारमा अस्पताल व्यवस्थापन समिति तर्फका चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी मध्येबाट उत्कृष्ठ ठहरिएका २ जनालाई उत्कृष्ठ कर्मचारीको रुपमा छनोट गरिनेछ । यसरी छनोट हुने कर्मचारीलाई व्यवस्थापन समितिकोतर्फबाट उचित सम्मान सहीत जनही रु ५,०००/-(रु. पाँच हजार मात्र) पुरस्कार प्रदान गरिनेछ ।

२२. **सम्पत्ति विवरणः** यस विनियमावली बमोजिम नियुक्त हुने चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुले प्रत्येक वर्ष नेपाल सरकारको नियमानुसार सम्पति विवरण बुझाउनु पर्नेछ ।

२३. **सामुहिक सौदावाजीः** पेशागत हकहितको लागि कर्मचारीले आपसमा संगठित भई व्यवस्थापन समक्ष शान्तिपूर्वक सामुहिक सौदाबाजी गर्न सक्नेछन ।

२४. **संशोधन तथा खारेजी गर्न सक्नेः** यस विनियमावलीलाई आवश्यक संशोधन वा खारेजी गर्ने अधिकार अस्पताल व्यवस्थापन समितिमा निहित रहने छ ।

# अनुसूचीहरु

## अनुसूची - १

### नियुक्ति सम्बन्धी मापदण्ड (परिच्छेद २ को नियम ८.२ सँग सम्बन्धित)

१. कर्मचारीको नियुक्तिका लागि लिखित परिक्षाको अङ्कभार ५०, अन्य पक्षको मुल्याङ्कनको अंकभार ३०, र अन्तवार्ताको अङ्कभार २० गरी कुल १०० पुर्णाङ्क कायम गरि छनोट परीक्षा सञ्चालन गरिनेछ । अप्राबिधिक तथा अधिकृत स्तरको पदपूर्ती गर्दा पदपूर्ति समितिले तोके बमोजिम अंकभार कायम हुनेछ । सीप परीक्षण आवश्यक पर्ने पदको नियुक्ति गर्दा थप २० अंकभारको सीप परीक्षण परीक्षा सञ्चालन गरिनेछ । सीप परीक्षण आवश्यक पर्ने वा नपर्ने विषयको निर्धारण पदपूर्ती समितिले गर्ने ।

२. लिखित परिक्षा (अङ्कभार ५०)

- लिखित परीक्षा सञ्चालनका लागि प्रति प्रश्न १ अंकभारका ५० वटा वहुवैकल्पिक प्रश्नावली लोकसेवा आयोगले तोकेको पाठ्यक्रमलाइ आधार मानी सम्बन्धित विषयको विज्ञ मार्फत तयार गर्नुपर्ने ।
- यस्तो प्रश्नहरुको उत्तरकुञ्जी समेत विषयविज्ञले नै उपलब्ध गराउनुपर्ने ।
- लिखित परिक्षाको उतिर्णाङ्क ४० प्रतिशत हुनेछ ।
- प्रश्नपत्र सम्बन्धी अन्य प्रावधान छनोट तथा सिफारिस समितिले तोके बमोजिम हुने ।

३. अन्य पक्षको मुल्याङ्कन (अंकभार ३०)

उम्मेदवारको अन्य पक्ष मूल्यांकनका लागि निम्न आधारहरु लिनुपर्ने

| सि.न. | मूल्याङ्कन आधार | प्रदान गरिने अंक | |
|---|---|---|---|
| १. | उम्मेदवारको न्युनतम शैक्षिक योग्यतामा प्राप्त श्रेणी | विशिष्ट श्रेणी | १८ |
| | | प्रथम श्रेणी | १६ |
| | | द्वितीय श्रेणी | १४ |
| | | तृतीय श्रेणी | १२ |
| २. | कार्य अनुभव | प्रमाणीत कागजातको आधारमा प्रति बर्ष एक अंकको दरले अधिकतम पाँच अंक | ५ |
| ३. | स्थानियता | सम्बन्धीत जिल्लाको बासिन्दा भएमा | ५ |
| | | सम्बन्धीत प्रदेसको बासिन्दा भएमा | ३ |
| ४. | लोपोन्मुख/सिमान्तकृत/अति-सिमान्तकृत/दलित जाति भएमा | | २ |
| **कुल जम्मा** | | | **३०** |

४. सीप परीक्षण (अंकभार २०)

- विज्ञापन गरिएको पदमा नियुक्ति पाउने उम्मेदवारका लागि आवश्यक न्यूनतम सीप तथा व्यावसायिक ज्ञानको परीक्षण सम्बन्धी बिधि छनोट तथा सिफारिस समितिले तोके बमोजिम हुने ।
- यस्ता परीक्षणमा कम्प्यूटर सञ्चालन दक्षता परीक्षण, क्लिनिकल प्राक्टिस परीक्षण आदि जस्ता विविध परीक्षण विधि अपनाउन सकिने ।

५ अन्तवार्ता (अङ्कभार २०)

- अन्तरवार्ता कार्यक्रम सञ्चालनका लागि छनोट तथा सिफारिस समितिका संयोजक, विषयविज्ञ र प्रशासनविद गरी अधिकतम ३ जनाको अन्तरवार्ता टोली गठन गरिनेछ ।
- अन्तवार्ता बापतको अंक प्रदान गर्दा न्युनतम चालिस प्रतिशत र बढीमा ७० प्रतिशत अंङ्क प्रदान गरीनेछ। सो भन्दा घटी वा बढी अंक प्रदान गर्दा औचित्य पुष्टि हुने कारण समेत उल्लेख गर्नपर्ने छ।
- अन्तरवार्ता टोलीले अंक प्रदान गर्दा लिनुपर्ने आधारभूत सिद्धान्त लोक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

६ विशेषज्ञ पद बाहेक अन्य पदको लागि मात्र लिखित परीक्षा संचालन गर्नुपर्ने छ ।

७ लिखित परीक्षामा अनुत्तीर्ण हुने परीक्षार्थीलाई बाँकि छनौट प्रक्रियामा संलग्न गराइने छैन ।

**८. अन्तिम नतिजा प्रकाशित गर्नेः**

- लिखित परीक्षा, अन्य पक्ष मूल्यांकन, सीप परीक्षण र अन्तर्वार्तामा सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुको नामावली छनौट तथा सिफारिस समितिको सिफारिसको आधारमा कार्यालय प्रमुखले स्वीकृति गरी योग्यता क्रमानुसार अन्तिम नतिजाको विवरण प्रकाशित गर्नु पर्नेछ।
- अन्तिम नतिजा प्रकाशन गर्दा लोकसेवा आयोगको प्रचलित नियमानुसार बैकल्पिक उम्मेदवारहरुको नाम समेत प्रकाशित गर्नपर्नेछ ।

**९. दरखास्त दस्तुरः** देहाय बमोजिमको पदमा देहाय बमोजिम दरखास्त दस्तुर रहने छ।

| **क्र.स.** | **श्रेणी/तह** | **दस्तुर** |
|---|---|---|
| १. | श्रेणी विहिन | ३०० |
| २. | चौथौ | ४०० |
| ३. | पाँचौ | ५०० |
| ४. | अधिकृत स्तर सातौं र आठौं | १२०० |

**१०. उम्मेदवारको उमेर हद** :

❖ चिकित्सक तथा स्वास्थ्यकर्मीको **पदमा** : सहायक पदका लागि १८ वर्ष र अधिकृत पदका लागि २१ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको।

- **अप्राविधिक पदहरुमा** : सहायक स्तरको पदका लागि १८ वर्ष र अधिकृत स्तरको पदका लागि २१ वर्ष पूरा भएको । पुरुष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।
- **स्वास्थ्यकर्मी वाहेकको प्राविधिक पदहरुमा** : १८ वर्ष पूरा भइ पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।